# कृषि स्नातक (B. Sc. Ag.) तहमा भर्नाका लागि अपनाईने काउन्सिलिङ्ग (Counselling) कार्यविधि– २०७६

कृषि संकाय

कृषि तथा वन विज्ञान विश्वविद्यालय

चितवन, नेपाल

# कृषि स्नातक (B. Sc. Ag.) तहमा भर्नाका लागि अपनाईने काउन्सेलिङ्ग (Counselling) कार्यविधि– २०७६

**प्राक्कथन**

देशको आर्थिक तथा सामाजिक विकासको लागि कृषि क्षेत्रको विकास गर्न दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तरगत कृषि संकायले प्रत्येक वर्ष SEE/SLCवा सो सरहको परीक्षामा कम्तीमा द्वितिय श्रेणि वा 'C' ग्रेडमा उत्तिर्ण भई आई. एस्सी. (विज्ञान) वाआई. एस्सी. (कृषि) वा १०+२ (कृषि विज्ञान)वा १०+२ (विज्ञान) विषयमा प्राविधिक तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, वायोलोजी एवमं कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कूल प्राप्तांकको कम्तीमा ५० प्रतिशत अंक वा माथि उल्लेखित विषयहरुमा 'C' ग्रेडको साथै कूल प्राप्तांकमा 'C+' ग्रेड प्राप्त गरी उत्तिर्ण भएका नेपाली नागरिकबाट आवेदन माग गरी प्रवेश परीक्षामा संलग्न भई उत्तिर्णभएका मध्यबाट योग्यताक्रम (Merit) अनुसार भर्ना गर्ने गरिन्छ। यसका लागि कृषि संकायले प्रत्येक वर्षकृषि स्नातक (B. Sc. Ag.)तहकोअध्ययनका लागि भर्ना समावेशी रुपमा आवेदन फाराम online मार्फत माग गरी प्रवेश परीक्षा गर्ने गरिन्छ ।समावेशी अन्तरगतप्रवेश परीक्षाको आवेदन फाराम माग गर्ने समयमानै यस संकाय र अन्तरगतका कजेलहरुको लागि प्रदेश, दलित, जनजाति, मधेसी, अपाङ्ग, शहिद परिवार, द्वन्द पिडित, छात्रा कोटाहरु निश्चित मापदण्डको आधारमा छुट्टयाउने गरिनेछ । संकाय र अन्तरगतका कलेजहरुको लागि विश्वविद्यालय र कलेज विकास कोष कोटा पनि सोही विज्ञापनमासमावेशगरिनेछ । यसै सन्दर्भमा विगतका अनुभवहरुका आधारमाभर्ना प्रक्रियालाई अझ वैज्ञानिक र छोटो बनाउने उदेश्यले कृषि स्नातक (B. Sc. Ag.) तहमा भर्नाका लागि अपनाईने काउन्सेलिङ्ग (Counselling) कार्यविधि - २०७६ तर्जुमा गरिएको हो ।

**परिच्छेद : १**

१.१ **नाम** :यस कार्यविधिको नाम**कृषि स्नातक (B. Sc. Ag.)तहमा भर्नाका लागि अपनाईने काउन्सेलिङ्ग (Counselling)कार्यविधि- २०७६** रहेको छ ।

१.२ **संक्षिप्त नाम**:काउन्सेलिङ्ग (Counselling)कार्यविधि- २०७६ रहने छ ।

१.३ **परिभाषा**:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यकारी परिषद् भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालयको कार्यकारी परिषद् भन्ने सम्झनु पर्दछ ।

(ख) डीन भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकायको डीन भन्नेसम्झनु पर्दछ ।

(ग)भर्ना समिति भन्नाले कृषि संकायका डीनले प्रत्येक शैक्षिक सत्रमा कृषि स्नातक भर्ना गर्ने उद्देश्यले गठन गर्ने समिति भन्ने सम्झनु पर्दछ ।

(घ) संकाय भन्नाले कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको कृषि संकाय सम्झनुपर्दछ ।

(ङ) आंगिक कलेज भन्नाले यस संकायमातहत विभिन्न प्रदेशमा स्थापित कलेजहरुलाई सम्झनु पर्नेछ ।

(च) UGC अन्तरगतको कोटा भन्नाले विश्वविद्यालय र UGC को लागत साझेदारीमा अध्ययनको लागि माग गरिएको विद्यार्थी संख्या भन्ने सम्झनु पर्दछ ।

(छ) विद्यार्थी भन्नाले संकायले सञ्चालन गरेको प्रवेश परीक्षा उत्तीर्ण गरेर भर्नाको लागि काउन्सिलमा उपस्थित भएका विद्यार्थीलाई सम्झनु पर्दछ ।

१.४ **उद्देश्य**:

संकाय र सोमातहतका कलेजहरुको भर्ना प्रक्रियालाई वैज्ञानिक र छरितो बनाउने।

## परिच्छेद : २

## भर्ना कोटाहरुको विववरण अद्यावधिक गर्ने प्रकृया

२.१ कृषि संकायले प्रत्येक शैक्षिक सत्रमा कृषि स्नातक (B. Sc. Ag.) तहको प्रवेश परीक्षाको लागि सार्वजनिक सूचना मार्फत Online आवेदन फाराम माग गर्ने प्रकृया अपनाउने छ।

२.२ संकाय र सोमातहतका विभिन्न आंगिक तथा सम्वन्धन प्राप्त नीजि कलेजहरुमा कृषि स्नातक (B.Sc.Ag.) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको Online आवेदन फाराम साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र (Equivalence Certificate) पेश गर्नु पर्नेछ । विभिन्न कोटा अर्न्तगत आवेदन दिन चाहने आवेदकहरुले सम्वन्धित कोटाहरुको प्रमाणपत्र, वा सिफारिश पत्र Scanning गरी Online आवेदन फाराम साथ नै संलग्न गर्नु पर्नेछ ।

२.३ आवेदन फाराममा उपलब्ध भएका कागजपत्रहरु तथा सिफारिश एवम् प्रमाणपत्रहरु तथा विभिन्न कोटाहरुको लागि दिईएका आवेदकहरु प्रवेश परीक्षामा उर्त्तिण भएको अवस्थालाई दृष्टिगत गरि भर्नाको लागि गरिएको सूचनामा माग गरिएको संख्यामा नवढ्ने गरी रिक्त सम्पुर्ण कोटाहरु विश्वविद्यालय/कलेज विकास कोषमा समावेश गरी भर्ना कोटाहरुको अद्यावधिक गरिने छ ।

२.४ माथि जस्तो सुकै लेखिएको भएता पनि विभिन्न कोटाहरु (प्रदेश, दलित, जनजाति, मधेसी, अपाङ्ग, शहिद परिवार, छात्रा) मा आवेदन दिएका आवेदकहरु उर्त्तिण हुन नसकेको अवस्थामा ती कोटाहरु संवन्धित कलेजको कलेज विकास कोषको कोटामा समावेश गरिने छ ।

२.५ (क) स्टाफ कोटाको हकमा विश्वविद्यालय र मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरुका श्रीमान्,श्रीमती, छोरा, छोरीहरुलाई मात्र दिईनेछ । स्टाफ कोटामा कमआवेदक मात्र उर्त्तीण हुन सफल भएको खण्डमा क्रमशः माडीचौर- रोल्पा, खजुरा- बांके, बर्दिवास - महोत्तरी, पाखिवास - धनकुटा, टिकापुर- कैलाली, कपिलाकोट - सिन्धुली, पुरुन्चौर - कास्की र अन्त्यमा मात्र कृषि संकाय रामपुरबाट कट्टागरी विश्वविद्यालय/कलेज विकास कोषमा समावेश गरिने छ ।

(ख) २.५ (क) मा जस्तोसुकै लेखिएता पनि संम्वन्धित आगिक कलेजहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुको स्टाफ कोटा सकेसम्म संवन्धित कलेजमा व्यवस्था गरिने छ । आंगिक कलेज भन्दा वाहेकका कृषि विज्ञान केन्द्रतथा अन्य कार्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुको स्टाफ कोटा सकेसम्म सम्वन्धित प्रदेशमा अवस्थित संकायका आंगिक कलेजहरुमा व्यवस्था गरिने छ ।

(ग) २.५ (क) र (ख)मा जे लेखिएको भएता पनि उक्त कलेजमा स्टाफ कोटा भन्दा बढी मात्रामा सम्वधित शिक्षक कर्मचारीहरुको श्रीमान्, श्रीमती, छोरा र छोरी उर्त्तिण भएमा अन्य आंगिक कलेजहरु तथा संकायका कोटाहरुलाई दृष्टिगत गरी भर्ना कोटाहरुको विवरण अद्यावधिक गरिने छ ।

२.६स्टाफ कोटा भन्दा बाहेकका विभिन्न समावेशी कोटाहरु (प्रदेश, दलित, जनजाति, मधेसी, अपाङ्ग, शहिद परिवार, द्वन्दपिडित परिवार, छात्रा) को भर्ना संख्या अध्यावधिक गर्दा संकाय र अर्न्तगतका विभिन्न आंगिक कलेजहरुमा निर्धारित संख्या भन्दा कम आवेदकहरु मात्र उर्त्तीण हुन सफल भएको खण्डमा क्रमशः माडीचौर-रोल्पा, खजुरा- बांके, बर्दिवास - महोत्तरी, पाख्रिवास - धनकुटा, टिकापुर- कैलाली, कपिलाकोट - सिन्धुली, पुरुन्चौर - कास्की र अन्त्यमा मात्र कृषि संकाय रामपुरबाट कट्टागरी विश्वविद्यालय/कलेज विकास कोषमा समावेश गरिने छ ।

२.७ भर्ना कोटाहरुको विवरण योग्यताक्रम सूची (Merit list)सगै अद्यावधिक गरी प्रकाशन गरिनेछ ।

२.८ तयार गरिएको योग्यताक्रम सूचि अनुसार बिधार्थीहरुलाई Counselling पद्धति अनुसार समावेशी कोटा रिक्त रहेको अवस्थामा भर्ना नभएको खण्डमा उक्त कोटाहरु रिक्त भएको मानि पछि (पठनपाठन सुरु भएको १५ दिनसम्म लगातार अनुपस्थित भै रिक्त हुने स्थानमा भर्ना गर्ने समयमा) विश्वबिद्यालय र कलेज बिकासकोषमा भर्ना गरिने छ । तर पहिले नै Counselling मा परेका बिधार्थीहरुलाई समावेश गरिने छैन ।

## परिच्छेद : ३

## Counselling अर्न्तगत बिधार्थीहरु भर्ना गर्ने प्रकृया

३.१ योग्यताक्रमको सूची (Merit list) प्रकाशन गर्दा मेरिट लगायत अन्य समावेशी कोटाहरुको (प्रदेश, दलित, जनजाति, मधेसी, अपाङ्ग, शहिद परिवार, छात्रा) योग्यताक्रम सूचीहरु (Merit list)पनि छुट्टाछुट्टै प्रकाशन गरिनेछ ।

३.२ योग्यताक्रमको सूची प्रकाशन गरेको मितिमा नै पहिलो Counselling गर्ने मिति तय गरेर सूचना प्रकाशन गरिनेछ ।

३.३ प्रत्येक Counselling समयमा बोलाईने विद्यार्थीहरु संख्या भर्ना समितिबाट तय गरिनेछ ।

३.४ संकाय र आंगिक कलेजहरुमा आवश्यक विद्यार्थी संख्याको आधारमा Counselling को संख्या भर्ना समितिबाट निर्धारण गरिनेछ ।

३.५(क) Counsellingहुने दिनमा निर्दिष्ट गरेर बोलाइएका सम्पूर्ण विद्यार्थीहरु स्वयं आफै प्रवेश पत्रको साथमा आवश्यक सम्पूर्ण प्रमाणपत्र, कागजातहरुको सक्कल प्रति, प्रवेश पत्रको साथमा भर्नाको लागि संकायले तोकेको भर्ना शुल्क लिएर उपस्थित हुनुपर्नेछ । अन्यथा विश्वविद्यालय सम्बन्धित विद्यार्थीहरुलाई काउन्सिल कक्षमा प्रदेश गर्न दिइने छैन ।

३.५ (ख) ३.५ (क) मा जे सुकै लेखिएता पनि स्वास्थ्यको कारणले उपस्थित हुन नसक्ने र किरियापुत्रीको हकमा सप्रमाण तथा reports हरु लिएर आधिकारिक अभिभावक उपस्थित भएको अवस्थामा काउन्सिल कक्षमा प्रवेश गराई नियमानुसार भर्ना प्रक्रियामा समावेश गराईनेछ ।

३.६ उपस्थित विद्यार्थीहरुले Counsellingकक्षमा प्रवेश गर्नुपूर्व सम्पूर्ण प्रमाणपत्रहरु रुजु गराएर मात्र कक्ष भित्र प्रवेश गराइनेछ ।

३.७ Counsellingकक्षमा प्रवेश गराइसकेपछि सम्पूर्ण विद्यार्थीहरुलाई संकाय तथा आंगिक कलेजहरुको विषयमा जानकारीमूलक प्रस्तुतिकरण गरिनेछ ।

३.८Counselling कक्षमा बोलाइएका सम्पूर्ण विद्यार्थीहरुलाई योग्यताक्रमको वरियता अनुसार क्रमशः विद्यार्थीहरुलाई संकाय र कलेज छनौट गर्न अवसर दिईनेछ ।

३.९ योग्यताक्रमको वरियतामा परेको विद्यार्थीले आफूले अध्ययन गर्न चाहेको कलेजमा क्रमैसंग मेरिट, समावेशी र विश्वविद्यालय/कलेज विकासकोष कोटा छनौट गर्नुपर्नेछ र सो को प्राथमिकता भर्ना प्रक्रियाको सूचनाको आधारमा मात्र हुनेछ ।

३.१० काउन्सिलमा अनुपस्थित हुने तथा उपस्थित भएर पनि भर्ना नहुने विद्यार्थीलाई काउन्सिलका अन्य प्रक्रियाहरुमा सो विद्यार्थीहरुलाई समावेश गरिने छैन ।

३.११ योग्यताक्रमको वरियतामा मेरिट तथा समावेशी भर्ना हुन पाउने अवस्थामा सोही कलेजको तथा संकायको विकास कोषमा भर्ना हुन पाउने छैन ।

३.११ मेरिट पश्चात समावेशी कोटाहरुको हकमा विश्वविद्यालयले भर्ना प्रक्रियाको निमित्त प्रकाशित गरेको सूचनामा रहेको प्राथमिकताको आधारमा (क्रमशः प्रदेश, दलित, जनजाति, मधेसी, अपाङ्ग, शहिद परिवार, द्धन्दपिडित परिवार, छात्रा) मात्र हुनेछ ।

३.१२Counselling मा उपस्थित विद्यार्थीहरुले सोही दिनमा नै भर्ना गर्नुपर्दछ ।र, सोही समयमा अनुसूची १ अन्तरगतको प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।

३.१३ पहिलो Counsellingमा आवश्यक विद्यार्थी संख्या पुरा नभएमा भर्ना समितिको निर्णयले अर्को Counsellingको लागि मिति तय गर्नेछ ।

३.१४ भर्ना प्रक्रियामा विभिन्न समावेशी कोटाहरु रित्त रहन आएका सो कोटाहरुलाई समावेश गरी विश्वविद्यालय तथा कलेज विकास कोष अन्तरगत राखेर थप काउन्सिलको मिति तय गरेर काउन्सिल मार्फत सो रिक्त संख्या परिपूर्ति गरिनेछ ।

३.१५ उपर्युक्त प्रक्रियामा भर्ना गर्दा आउन सक्ने समस्या समाधानको सम्पूर्ण अधिकार डीनको कार्यालय, कृषि संकायमा नीहित रहनेछ ।

## परिच्छेद : ४

## Counsellingअर्न्तगत बिधार्थीहरु भर्ना गर्दा पालाना गर्नु पर्ने नियमहरु

४.१ निर्दिष्ट गरिएको समयमा काउन्सिल कक्षको मूल गेट बन्द गरिनेछ र सो भन्दा पछाडि आउने विद्यार्थीहरुलाई प्रवेश दिईने छैन ।

४.२ भर्ना समितिले निर्दिष्ट गरेका कर्मचारी, प्राध्यापक तथा पदाधिकारी बाहेकका अन्य व्यक्तिलाईCounselling कक्षमा प्रवेश गर्न दिइने छैन ।

४.३ Counselling कक्षमा प्रवेश गरिसकेपछि भर्ना नहुन्जेल कोहि कसैलाई पनि बाहिर निस्कन अनुमति दिईने छैन ।

४.४ Counselling कक्ष भित्र होहल्ला गर्ने, अनुचित ब्यहार तथा आचरण प्रर्दशन गर्ने विद्यार्थीहरुलाई संकायले भर्ना गर्न बाध्य हुने छैन ।

४.५ भर्ना भईसकेपछि सोही दिन भर्ना विद्यार्थी संख्याको सूची प्रकाशित गरी बाँकि सिट अद्यावद्यिक गरी अर्को Counsellingको लागि मिति तय गरी सूचना प्रकाशित गरिनेछ ।

४.६ UGC कोटा अन्तरगत भर्ना हुन चाहने विद्यार्थीहरुलाई विश्वविद्यालयले प्रकाशित गरेको सूचना अनुसार थप कागजपत्रहरु समेत निर्दिष्ट गरेको ढाँचामा (अनुसूची २) सम्बन्धित स्थानिय निकायबाट Counselling आउदा लिएर आउनुपर्नेछ । र अनुसूची ३ मा उल्लेख भएको कबुलियत नामामा हस्ताक्षर तथा सही छाप गर्नुपर्नेछ ।

र, अन्त्यमा यस कार्यविधिको संशोधन, व्याख्या लगाएतको सम्पूर्ण अधिकार भर्ना समितिमा नीहित रहेको छ ।

## अनुसूचिः १

### कृषिस्नातकB.Sc.Ag भर्ना सम्झौता पत्र

### कृषि संकाय रामपुर एवं आंगिक कलेजहरुमा कृषिस्नातक (B. Sc. Agriculture)मा भर्ना कार्यक्रम

श्री ................................................... को नाति/नातिनी श्री ........................................ को छोरा/छोरी जिल्ला .................................. महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाँउपालिका ................................ वडा नं. ...... मा स्थायी बसोवास भएको मिति .................................. (वि.स.) ............................ ( ई.सं.) मा जन्मेको म .................................................. (नागरिकाता प्रमाण पत्र नं...................) ले यस संकायले लिएका`B.Sc. Ag.प्रबेश परिक्षा .............. मा समावेश भई मेरिट................ नाम रहन सफल भएकोले मेरिट क्रमानुसार यस विश्वविद्यालयको .....................................................................संकाय/कलेजमा .................................. कोटामा भर्ना हुन यो मंजुरीनामा पेश गरेको छु । साथै विश्वविद्यालयको विद्यार्थीको हैसियतले विश्वविद्यालयको ऐन, नियमको पालना गर्ने छु ।

हस्ताक्षरः .................................................................

बिद्यार्थिको नामः .................................................................

मेरिट नं. .........................................................................

ठेगानाः ............................................................................

मोवाइल नं. ....................................................................

अभिभावकको नामः ............................................................

मोवाइल नं. .......................................................................

<u>अनुसूची २</u>

<u>(दफा ४ को उपदफा (१) खण्ड (च) संग सम्वन्धित</u>

<u>कबुलियतनामा</u>

श्री ................................................... को नाति/नातिनी श्री ........................................ को छोरा/छोरी जिल्ला ................................. गा. वि. स./न. पा. ................................ वडा नं. ...... मा स्थायी बसोवास भएको मिति ................................ (वि.स.) ............................ (ए.डी.) मा जन्मेको म .................................................... नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/विश्वविद्यालय अनुदान आयोग बाट....................................विषयमा अध्ययनका लागि .............................................................. संस्थामा छात्रवृत्तिमा छनौट भएकोले **प्राविधिक धार विस्तारका लागि लागत साझेदारीका आधारमा अनुदान वितरण सम्वन्धी कार्यविधि, २०७५** अनुसार नेपाल सरकारले छात्रवृत्ति उपलब्ध गराउने निर्णय भएकाले अध्ययन पूरा हुना साथ छात्रवृत्ति सम्वन्धी ऐन, २०७१, छात्रवृत्ति सम्वन्धी नियमावली, २०६० तथा **प्राविधिक धार विस्तारका लागि लागत साझेदारीका आधारमा अनुदान वितरण सम्वन्धी कार्यविधि,२०७५** वमोजिम गर्नु पर्ने सम्पूँर्ण काम गर्ने छु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा, मासिक निर्वाह खर्च वापतको रकम समेत बुझाउने छु । प्राप्त रकम मैले नबुझाएमा मेरो घर घरनाबाट सरकारी बांकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी विश्वविद्यालय अनुदान आयोग मार्फत नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा बुझाएं ।

**ल्याप्चे सहीछाप**

**छात्रवृत्ति पाउनेको**

हस्ताक्षरः

नामः

सम्पर्क ठेगानाः

टेलिफोन नम्बरः

मितिः

अभिवावकको हस्ताक्षरः

**नोटः**

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र सम्बन्धित शैक्षिक संस्था र विश्वविद्यालय अनुदान आयोग र शिक्षा विज्ञान ताथ प्रविधि मन्त्रालयमा प्रतिवेदन गर्ने छु ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको क्षेत्रमा तोकिएको अविधिसम्म अनिवार्य काम गर्ने छु ।

अनुसूची ३

महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपाल
METROPOLITAN CITY
Office of Municipal Executive

प.सं.  मितिः
च.नं.

श्री कृषि तथा वन विज्ञान विश्वविद्यालय
रामपुर, चितवन ।

**विषयः सिफारिस गरिएको बारे ।**

प्रस्तुत विषयमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको मिति ..................... गतेको सूचना अनुसार विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यान्वयन कार्यविधि २०७५ मा उल्लेखित, शर्त र सुविधा लागु हुने गरि शैक्षिक शत्र २०७६/०७७ का लागी कृषि संकाय, रामपुर, कृषि स्नातक (B.Sc.Ag) तहको भर्नाको प्रवेश परिक्षामा उर्तिण भई विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारी कार्यक्रम अर्न्तगत भर्ना हुन यस ........................महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाँउपालिका वार्ड नं. ...........बस्ने श्री/सुश्री ....................................को छोरा/छोरी श्री/सुश्री ...............................................लाई त्यस विश्वविद्यालयको कृषि संकायबाट अध्ययन सके पश्चात सम्वन्धित निकायवाट सिफरिश भै आएमा यस महानगरपालिका/उप महानगरपालिका/नगरपालिका/गाँउपालिकामा ३ बर्ष सम्म सेवा प्रदान गर्न दिने प्रतिवद्धता सहित सिफारिस गरिएको ब्यहोरा जानकारी गरिन्छ ।

................................................

प्रमुख/प्रशासकिय अधिकृत/वडा अध्यक्ष